मानो रोपौं, मुरी फलाऔं,
खेतीयोग्य जमिन बाँझो नछोडौं,
पसिना बगाऔं, समुन्नत बनौं,
आफू र देशलाई
परनिर्भरताबाट बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३६ ❖ २०८० असार ३१ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 July 16 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३१६

## पर्साका अधिकांश प्रअद्वारा छात्रवृत्तिको रकम दुरूपयोग

प्रस, सेढवा, ३० असार/

पर्साका ग्रामीण भेगका अधिकांश सामुदायिक विद्यालयमा प्रधानाध्यापकहरूले विद्यार्थीका लागि प्राप्त हुने छात्रवृत्तिको रकम दुरुपयोग गर्ने गरेका छन् ।

पटेर्वासुगौली, जगरनाथपुर, जीराभवानी, सखुवाप्रसौनीलगायत गाउँपालिकाका अधिकांश सामुदायिक विद्यालयमा अध्ययनरत छात्रछात्राहरूलाई छात्रवृत्ति रकमको सट्टा विभिन्न भौतिक सामग्रीहरू वितरण भइरहेको छ ।

प्रअहरूले कमिशनको लागि विद्यालय व्यवस्थापन समितिसँग भौतिक सामग्री वितरण गर्ने निर्णय गराएका छन् । समितिले गरेको निर्णयको आधारमा भारतीय बजारबाट शर्ट र पाइन्टका कमसल कपडा खरीद गरी वितरण हुने गरेको र छात्रछात्राहरूसँग नगद लिएको भरपाई गराएको अभिभावकहरूले आरोप लगाएका छन् ।

नेपाल सरकारले सामुदायिक विद्यालयमा हरेक वर्ष कक्षा १ देखि १० मा अध्ययनरत दलित छात्रछात्रा तथा अन्य समुदायका छात्रालाई जनही रु चार सयका दरले छात्रवृत्ति प्रदान गर्छ । तर प्रअहरूले रकम हिनामिना गर्ने उद्देश्यले


तस्वीरः फाइल/प्रतीक

नगदको सट्टा जिन्सी सामान कपडा, ब्याग वा अन्य सामग्री दिने गरेका अभिभावकहरूको आरोप छ ।

जीराभवानी गापा–५ स्थित सरस्वती आधारभूत विद्यालयका प्रअ शम्भुप्रसाद थारूले विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार छात्रवृत्ति रकमको साटो पोशाक वितरण गरिएको बताए । सो विद्यालयका कक्षा १ देखि ८ सम्मका छात्रछात्राहरूलाई पोशाक वितरण गरिएको उनले बताए । तर भरपाईमा पोशाकको सट्टा नगद रु चार सय लिएको देखाइएको प्रअ दासले बताए ।

पिस फोर दलित्स फाउन्डेशन नेपालका अध्यक्ष मनोज रामले नेपाल सरकारले प्रदान गर्ने छात्रवृत्तिको रकममा पनि अनियमितता हुनु निन्दनीय कार्य भएको बताए । उनले विद्यालयले कपडा वा अन्य सामग्री दिंदा विद्यार्थीहरूले छात्रवृत्ति पाए नपाएको थाहासमेत नहुने भएकोले रकम नै उपलब्ध गराउन माग गरे । लक्षित वर्गलाई प्रदान गरिने छात्रवृत्ति रकमबाट सामान खरीद गरी अन्य विद्यार्थीलाई समानरूपले वितरण गर्दा तोकिएको मापदण्ड पूरा नहुने उनले बताए । पोशाक भएका विद्यार्थीलाई थप पोशाक दिनुले प्रअहरूले भ्रष्टाचार गरेको प्रस्ट भएको उनले बताए ।

जगरनाथपुर गापाका प्रमुख प्रशासकीय अधिकृत कृष्णनन्दन रायले नेपाल सरकारले पठाएको छात्रवृत्तिको रकम सशर्त अनुदानको रकम भएको बताए । उनले सो रकमबाट कुनै पनि भौतिक सामग्री खरीद गरी वितरण गर्न नमिल्ने बताए । छात्रवृत्तिको रकम विद्यार्थीलाई नै दिनुपर्ने बताए । नगदको साटो अन्य सामग्री वितरण गरे प्रअ र सिफारिश गर्ने विद्यालय व्यवस्थापन समितिलाई कारबाई हुने बताएका छन् ।

## ७५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ३० असार/

वीरगंजको लिटल बडी इन्टरनेशनल




प्रिस्कूलको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

प्रिस्कूलका प्रधानाध्यापक विजयकुमार बलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा छजना महिलासहित ४० जनाले रक्तदान गरेका छन् । रोट्र्याक्ट क्लब अफ वीरगंज मेट्रोपोलिसको सहकार्यमा कार्यक्रमको आयोजना गरिएको प्रअ बलले बताए ।

यस्तै, श्रीराम अस्पताल, वीरगंजको आयोजनामा शनिवार भएको रक्तदान कार्यक्रममा ३५ जनाले रक्तदान गरेका छन् । अस्पतालले आमा सुरक्षा कार्यक्रम शुरू गरेको एक वर्ष पूरा भएको अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा ३५ जनाले रक्तदान गरेको अस्पतालकी सञ्चालक डा दीप्ति यादवले जानकारी दिइन् । रक्तदान गर्नेहरूमा डा सुनील यादव, डा मनीष खन्ना, अनिल पटेल, राधा श्रेष्ठ, एन्जिला पटेललगायत रहेका रक्तसञ्चार केन्द्र, वीरगंजले जनाएको छ ।

## मिटरब्याजसम्बन्धी उजूरी फछ्र्योट गर्न छलफल

प्रस, वीरगंज, ३० असार/

जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा मिटरब्याजको सम्बन्धमा परेका एक हजार ९२० वटा उजूरीमध्ये ३६५ वटाको फछ्र्योट भएको छ । जिल्ला प्रशासन कार्यालय, सर्लाहीका कम्प्युटर अपरेटर


जिल्ला प्रशासन कार्यालय, सर्लाही । तस्वीरः प्रतीक

मुकेश यादवका अनुसार बिहीवार बेलुकासम्म एक हजार ९२० उजूरीमध्ये ८९२ वटा उजूरीमाथि छलफल गरी ३६५ वटा उजूरी फछ्र्योट गरिएको छ ।

जिप्रका, सर्लाहीले मिटरब्याज अर्थात् अनुचित लेनदेन जाँचबुझ आयोग बनाएर छानबीन अगाडि बढाएपछि जिल्लाभरिबाट एक हजार ९२० वटा उजूरी परेका थिए । तीमध्ये बिहीवारसम्म ३६५ जना उजूरीकर्ता र उनीहरूले उजूरी दिएका मिटरब्याजीलाई राखेर छलफल गराइ मिलापत्र गराइएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए । प्रजिअ यादवका अनुसार फछ्र्योट गरिएका ३६५ वटा उजूरीमध्ये मिटरब्याजीले आफ्नो नाममा गरिसकेका तीन बिघाभन्दा बढी जग्गा पीडितलाई फिर्ता गराइएको छ ।

सप्रजिअ होमप्रसाद घिमिरेको रोहबरमा दैनिक छलफल भइरहेको छ । सप्रजिअ घिमिरेले उजूरी परेका व्यक्ति र उजूरी दिने पीडितलाई राखेर लेनदेन भएको वास्तविक रकम, बुझाइसकेको ऋणलगायतबारे छलफल गराइ दुवै पक्षलाई सहमतिमा ल्याइ उजूरी फछ्र्योट गर्दै अघि बढेको बताए ।

छलफलका क्रममा अनेक बहानाबाजी गर्ने र पीडितसँग मिलापत्रमैं आउन नखोज्ने पाँचजनालाई प्रहरी हिरासतमा पठाइएको छ । प्रहरी हिरासतमा पठाएपछि मिलापत्रका लागि सहमति गरी ती पाँचैजनालाई हिरासतमुक्त गरिसकिएको जिप्रका, सर्लाहीले जनाएको छ ।

जिप्रका, सर्लाहीले पटकपटक सर्वदलीय बैठक राखेर छलफल गर्दै आइरहेको छ ।

## बारास्थित दुधौरा पुल निर्माण सम्पन्न हुन अझै एक वर्ष लाग्ने

## बेलिब्रिज कमजोर हुँदै, यात्रु जोखिम मोल्न बाध्य

जीतलाल श्रेष्ठ, निजगढ, ३० असार/

पूर्व–पश्चिम महेन्द्र राजमार्ग


राजमार्गको बारा पथलैयास्थित दुधौरा पुल अझै निर्माण सम्पन्न हुने एक वर्ष लाग्ने । दिनप्रति दिन बेलीब्रिज कमजोर हुँदै खोलाबाट आवतजावत पनि गरिंदै । तस्वीरः जीतलाल श्रेष्ठ

अन्तर्गतका सडकखण्ड सवारीसाधन आवतजावतका लागि लाइफलाइन हो । यही सडक भएर पूर्वदेखि पश्चिम, पश्चिमदेखि पूर्वसम्म अर्थात् देशकै कुनाकुनामा मालसामान ढुवानी र यात्रुहरू ओहोरदोहोर गर्ने गर्छन् । तर यही राजमार्गको सडकखण्डमा निर्माण शुरू गरिएका पुल, सडकहरू वर्षौंसम्म अलपत्र रहँदा दैनिक सयौं सवारीसाधन र हजारौं यात्रुले सास्ती खेप्दै आइरहेका छन् ।

बाराको निजगढ–पथलैया सडकखण्डको दुधौरा पुल निर्माण शुरू भएको चार वर्ष बित्यो । तर अहिलेसम्म पुलको ५० प्रतिशत काम मात्र सम्पन्न भएको छ । ठेक्का सम्झौता अनुसार तीन वर्षभित्र निर्माण सम्पन्न गर्नुपर्ने सो पुल तोकिएकै समयसीमाभित्र निर्माण नहुँदा यस राजमार्ग भएर दैनिक सयौंका सङ्ख्यामा गुड्ने सवारीसाधन र यात्रुहरूले जोखिम मोल्दै आइरहेका छन् ।

शुरूमा भासिएको पिलरलाई भत्काइ रेक्ट्रोफिटिङ गरियो । तर पनि पिलर जमीनमुनि भासिन छोडेन । दुधौरा पुलको पिलर दुईपटक भासिएपछि एशियाली राजमार्गको रूपमा सडक विस्तारसँगै यस पुललाई पूर्णरूपमा निस्तेज गरी नयाँ पुलको काम थालिएको चार वर्ष नाघ्यो । काम कम गर्ने र बढी समय अलपत्र छाड्ने नेपालको ठेकेदारी प्रवृत्ति सो पुलको निर्माण कार्य सम्पन्न नभएको हो । यसतर्फ न त पुल विभाग महाशाखा काठमाडौंको ध्यान गएको छ, न त राज्यका अन्य सरोकारवाला निकायहरूबाट निर्माण कार्यलाई निरन्तरता दिन झकझक्याउने काम नै भएको छ ।

सडक सञ्जालको हिसाबले मुलुककै लाइफलाइनको रूपमा रहेको पूर्व–पश्चिम महेन्द्र राजमार्गमा रहेको अलपत्र रहेको दुधौरा पुलको बारेमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव गोपाल सिग्देल र महानिर्देशक अर्जुनजङ्ग थापासँग भेट गरी अविलम्ब पुलको निर्माण शुरू गर्न बारा क्षेत्र नं ४ का सङ्घीय सांसद कृष्णकुमार श्रेष्ठ (किसान)ले आग्रह गरे पनि पुल निर्माण कार्यले गति लिन सकेको छैन ।

वर्षायाममा मात्र निर्माण कार्य अलपत्र हुने होइन । अन्य सहज मौसममा पनि लामो समयसम्म पुलको काम बेवारिसे बन्दा एम्बुलेन्स, मोटरसाइकल, जीप, कारलगायत साना तथा ठूला सवारीसाधनहरूले कठिनाइ भोग्दै आइरहेका छन् । सो पुल भएर आवतजावत गर्ने एम्बुलेन्सका बिरामीहरूले पनि सास्ती खेप्दै आएको जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घद्वारा सञ्चालित एम्बुलेन्स चालक सञ्जय सिंहले बताए ।

करीब दुई सय मिटर डाइभर्सन पार गर्न कम्तीमा पनि १० मिनेट लाग्ने बताउँदै विभिन्न प्रकृतिका बिरामी ओसार्दा सडकको खाल्डाखुल्डीका कारण बिरामीहरूलाई थप पीडा हुने गरेको चालक सिंहले बताए । दुर्घटनाका घाइते, प्रसूति पीडालगायत गम्भीर प्रकृतिका बिरामीलाई सडक र डाइभर्सन खराब हुँदा समयमैं अस्पताल पुऱ्याउन ढिला हुने गरेको निजगढका अर्का एम्बुलेन्स चालक वीरबहादुर लोप्चनले बताए ।

त्यसैगरी, दैनिक सोही सडक भएर अटो चलाउँदै आइरहेका पिलुवाका रामचन्द्र भट्टराईले पनि पुल नबन्दा दैनिक सयौं सवारीसाधन र हजारौं यात्रुहरूले सास्ती खेप्नुपरिरहेको गुनासो गरे ।

वर्षामा डाइभर्सनमा खाल्डाखुल्डी भएपनि त्यसलाई पुर्न र सम्याउन सडक विभाग, पुल विभाग र ठेकेदार कम्पनीले कुनै वास्ता नै गर्दैनन् । डाइभर्सनका खाल्डाखुल्डी मर्मत नगर्दा अटो, कार, जीप ठोक्किएर क्षति पुग्ने गरेको छ ।

सो पुल निर्माणका लागि खोलिएको करीब दुई सय मिटरको डाइभर्सन कहालीलाग्दो हुने गरेको आवतजावत गर्ने अधिकांश चालकको भनाइ छ । महीनौंसम्म डाइभर्सनका ठूला खाडलहरूलाई नसम्याउँदा मोटर साईकल, जीप, कारलगायत होचा बनोटका सवारीसाधनहरू खाल्डोमा परी दुर्घटना भई क्षति हुने गरेका गुनासाहरू थुप्रै आइरहेका जिल्ला ट्राफिक प्रहरी कार्यालय, बाराले जनाएको छ ।

सो डाइभर्सनमा धूलो नउडोस्

(बाँकी अन्तिम पातामा)

## वृद्धाश्रममा निश्शुल्क आँखा शिविर सम्पन्न

दिनेश मिश्र, वीरगंज, ३० असार/

सामाजिक कार्यमा सबै मिलेर अघि नगवास्थित भूटनदेवी मन्दिरनजीक रहेको वृद्धाश्रममा नेपाल प्रौढ सङ्घको आयोजना



बढ्नुपर्ने पूर्वमन्त्री विमलप्रसाद श्रीवास्तवले जोड दिएका छन् । वीरगंज–१६ तथा किरण आँखा अस्पतालको

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**ईश्वरसमक्ष प्रार्थना मात्र नगर्नुस्, बरु ध्यान पनि लगाउनुस् । प्रार्थनामा हामी ईश्वरसँग कुरा गर्छौं, जबकि ध्यानमा ईश्वरले हामीसँग कुरा गर्छन् ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# चुनौती स्वीकार नै चुनौतीको समाधान हो

चुनौती जीवनके स्वाभाविक अङ्ग हो, यसले हाम्रा सुप्त शक्तिहरूलाई उद्वेलित पारेर जाग्रत गराउँछ; तर हामी यसका लागि तयार छैनौं भने यिनै चुनौती हाम्रा लागि तनाव–अवसादको पनि कारण बन्न पुग्छन् र जीवनलाई कष्टप्रद बनाइदिन्छन्। यसकारण जीवनमा चुनौतीको महत्त्वको अनुभूति ग्राह्य बन्न पुग्दछ, जसले गर्दा हामी यसको साहस र धैर्यका साथ सामना गर्न सकौं र यिनलाई जीवनको उत्कर्षको सिंढी बनाउन सकौं ।

**यदि हामी आफूले स्वयंलाई चुनौती दिन सक्दैनौं भने कहिले पनि अनुभूत गर्न सक्दैनौं कि हामी के गर्न सक्थ्यौं वा के बन्न सक्थ्यौं । वास्तवमा भन्ने हो भने हाम्रो सबभन्दा ठूलो प्रतिद्वन्द्वी हामी स्वयं नै हौं ।**

वास्तवमा चुनौती हामीलाई श्रेष्ठ बनाउन आउँछ, हामीलाई हरेस पार्न वा जीवनमा कुनै प्रकारको कटुता भर्न होइन। तर यसको परिणाम के हुन्छ, यो यस कुरामा निर्भर छ कि हामी यसलाई कुन रूपमा ग्रहण गर्छौं । प्रत्येक चुनौतीमा कुनै सन्देश लुकेको हुन्छ, हामी यसलाई कति र कुन रूपमा ग्रहण गर्छौं, त्यस आधारमा निश्चय हुन्छ कि चुनौतीले हामीलाई हरेस ख्वायो कि परिमार्जित गऱ्यो । समझदारी त साहसका साथ चुनौतीहरूको सामना गर्दै, यसबाट आवश्यक शिक्षा लिंदै धैर्यका साथ पार पाउनुमा छ, जसले गर्दा चुनौती अभिशापको साटो वरदान बनोस् ।

वस्तुतः चुनौतीमुक्त जीवन नीरस हुन्छ। जब जीवन सुविधा र अनुकूलताले भरिएको हुन्छ त्यस बेला जीवन जड बन्छ, व्यक्तित्वमा मानौं खिया लाग्न थाल्छ। तर जसै चुनौतीको सामना गर्दछौं, जडता भङ्ग हुन थाल्छ, खिया माझिन थाल्छ, जीवनको विकास आरम्भ हुन्छ। यसैले चुनौतीबाट अधीर हुने वा भाग्ने आवश्यकता छैन, अपितु यसलाई शुभचिन्तक मानेर यसको सामना गर्नुपर्छ।

अतः चुनौतीहरूलाई कम गर्नुको साटो आफ्नो क्षमतालाई चुनौती दिने अवसर बढाइरहनुपर्छ । यदि हामी स्वयंलाई चुनौती दिंदैनौं भने, कहिले थाहा पाउन सक्दैनौं कि हाम्रो वास्तविक क्षमता कति छ, हामी के गर्न सक्छौं; किनकि चुनौतीपूर्ण क्षणमा नै हाम्रो वास्तविक क्षमता प्रकट हुन्छ। असम्भवजस्तो लाग्ने कार्य अनायास सम्पन्न हुन थाल्छ । यस्तोमा स्वयंमाथि नयाँ विश्वास जाग्छ र जीवनको विकासको नयाँ बाटो खुल्न थाल्छ, तर यो त्यति बेला मात्र हुन्छ, जब हामी आफ्नो आलस्य–प्रमादजस्ता खराबी र पलायनवादी मानसिकतालाई चुनौती दिन्छौं ।

यसर्थ हामीले प्रत्येक चुनौतीलाई धन्यवाद दिनुपर्छ कि हाम्रो जीवनमा आएर त्यसले हामीलाई केही अनमोल सबक सिकायो। शिथिल पर्दै गएको हाम्रो प्रतिभामा नयाँ धार आयो, यसका कारण हाम्रो व्यक्तित्व बढी सशक्त भयो र हाम्रो चरित्र परिमार्जित भयो । हाम्रो व्यक्तित्वको विश्वसनीयता एवं प्रामाणिकतामा वृद्धि भयो। कसैले ठीक भनेको छ कि यदि जीवनमा चुनौती नआउँदो हो त सार्थक परिवर्तन पनि हुने थिएन। चुनौतीले नै जीवनलाई अर्थपूर्ण बनाउँछ। यसको सामना गर्दा एवं यसबाट पार लाग्दा सन्तुष्टिको गहिरो अनुभूति प्राप्त हुन्छ ।

तर यो पनि सत्य हो कि हामीलाई जब चुनौतीको कुनै आहट हुँदैन, त्यसै बेला चुनौती हाम्रो साहस र तयारीको परीक्षा लिन सामुन्ने आइपुग्छ। यस्तोमा तत्क्षण त अवस्था विचलन र पलायनको बन्न पुग्छ, तर होश आउनेबित्तिकै, मनमा सङ्कल्प र साहस जाग्नेबित्तिकै स्थितिमा परिवर्तन आउन थाल्छ। चुनौती हामीलाई विकासको अवसर प्रतीत हुन थाल्छ, फेरि लाग्दछ हामी कति गलत थियौं, जसलाई हामी आफ्नो अस्तित्वका लागि खतरा मानिरहेका थियौं, तिनै परिस्थिति मानौं वरदानरूप बनेर हामीलाई पुष्पाच्छादित पारेर गए । अनि त हाम्रो चुनौतीको दृष्टिकोणमा परिवर्तन आउन थाल्छ ।

त्यस बेला हामीलाई लाग्दछ कि चुनौतीहरू हाम्रो विकासका लागि, हामीलाई प्रेरित गर्नका लागि कति आवश्यक थिए। जति ठूलो चुनौती त्यति ठूलो विकासको अवसर । अनि त हामी एउटा योद्धाजस्तै चुनौतीको सामना मात्र गर्दैनौं, अपितु त्यसको आह्वान गर्न थाल्छौं र त्यसका तयारीका लागि आफ्नो साहस, शौर्य, सुद्धी र धैर्यलाई माझ्न थाल्छौं । त्यस बेला सम्पूर्ण विश्व हाम्रा लागि अखडा बन्न पुग्छ, जहाँ हामी आफ्नो क्षमता, प्रतिभा र गुणहरूको विकासका लागि अभ्यास गर्छौं ।

हामीले नित्य स्वयंमा परिवर्तन ल्याउन र यसलाई श्रेष्ठतर बनाउन आलस्य, प्रमाद र दीर्घसूत्रतालाई चुनौती दिइरहनुपर्छ । जुन क्षण हामी स्वयंलाई चुनौती दिनबाट पन्छिछौं, हाम्रो प्रगति त्यहीं रोकिन्छ। यस्तोमा बाह्य चुनौतीहरू हामीमाथि हावी हुन थाल्छन् । जब हामी यिनका सामु घुँडा टेक्छौं, हाम्रो विकासको प्रक्रिया अवरुद्ध हुन्छ। यदि हामी आफूले स्वयंलाई चुनौती दिन सक्दैनौं भने कहिले पनि अनुभूत गर्न सक्दैनौं कि हामी के गर्न सक्थ्यौं वा के बन्न सक्थ्यौं। वास्तवमा भन्ने हो भने हाम्रो सबभन्दा ठूलो प्रतिद्वन्द्वी हामी स्वयं नै हौं। हामीले सधैं आफूलाई चुनौती दिनुपर्छ, हामीले रेकर्ड तोड्नुपर्छ, आफ्नो सीमाभन्दा बाहिर निस्केर विकासका अनन्त सम्भावनाको ढोका ढक्ढकाउनुपर्छ ।

जुन चीजले हामीलाई बढी चुनौती दिन्छ, त्यसले त्यति नै बढी सिकाउँछ पनि । अतः चुनौतीबाट नभागौं, अपितु साहसपूर्वक सामना गरौं र सम्भावित चुनौतीहरूलाई पूरा तयारीका लागि मर्दन गर्दै अगाडि बढौं। कसैले सत्य भनेको छ शान्त समुद्रमा कुशल नाविक तयार हुँदैन। वास्तवमा हामीले गहिरिएर विचार गऱ्यौं भने पाउने छौं कि आज हामी जे छौं, त्यो पुराना चुनौतीहरूका कारण हो। अतः चुनौतीहरूलाई आफ्नो शुभचिन्तक मान्दै पूरा साहसका एवं सुझबुझका साथ यसको सामना गरौं र जीवनलाई सार्थक र सफल बनाऔं ।

# विधि हराएको देशमा सुशासनको खोजी

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**नीतिगतको आवरणमा जस्तोसुकै निर्णयबाट पनि उन्मुक्ति मिल्न सक्छ ? त्यही निर्णय कार्यान्वयन गर्ने मन्त्री र कर्मचारी र जग्गाको स्वामित्व पाएको व्यक्ति (कतिपय त तीन/चार पटक किनबेच भएर स्वामित्व कायम भएकासमेत) सजायका भागीदार हुँदा त्यही निर्णय गर्ने मन्त्रिपरिषद्को नेतृत्वकर्ता कसरी निर्दोष हुन सक्छ ?**

ललिता निवास जग्गा प्रकरणको पटके अनुसन्धान सरकारका लागि वाहवाही बटुल्ने काम त भएको छ नै, तर यो सिङ्गो प्रकरण यस्ता अनेक अनुत्तरित प्रश्नहरूले जेलिएका छन्, जसले हाम्रो अनुसन्धान प्रणाली र सरोकारका कानूनी प्रवाधानमाथि नै सन्देह सिर्जना गरिदिएको छ । किर्ते कागजात खडा गरी सार्वजनिक जग्गा व्यक्तिको नाममा लगिएको यो प्रकरणमा अहिलेसम्म पूर्वउपप्रधानमन्त्रीसहित बहालवाला उच्चपदस्थ र पूर्वकर्मचारीहरू कारबाहीको दायरामा तानिएका छन् । कतिपयलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलाइसकेको छ । अहिले प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले पुनः अनुसन्धान थालेपछि केही उच्च अधिकारीहरू समातिएका छन्। योसँगै पुनः यो प्रकरण चर्चामा आएको छ ।

भ्रष्टाचारको अनुसन्धान हुनु र दोषीहरू कारबाहीको दायरामा आउनु स्वागतयोग्य कुरा हो । तर समग्र प्रकरणको अनुसन्धान निष्पक्ष हुन नसकेको भन्दै असन्तुष्टिका स्वरहरू बाहिर आउन थालेका छन् । यो स्वर यतिबेला सानो भएपनि अनुसन्धान र कानूनी शासनका सवालमा गम्भीर सरोकारको विषय हो । उच्चपदस्थ कर्मचारी समातिएपछि कर्मचारी वृत्तबाट अहिले आइरहेको एउटा प्रश्न हो, 'टिप्पणी उठाउने शाखा अधिकृतलाई कारबाही गर्ने तर निर्णयकर्तालाई जोगाउने ?' यो प्रश्न स्वाभाविकरूपमा तत्कालीन मन्त्रिपरिषद्को नेतृत्व गरेका पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा बाबुराम भट्टराईतर्फ लक्षित छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तीन वर्षअघि यो प्रकरणमा विशेष अदालतमा भ्रष्टाचारको मुद्दा हाल्दा नेपाल र भट्टराईलाई उन्मुक्ति दिएको थियो । मन्त्रिपरिषद्बाट सामूहिकरूपमा भएका नीतिगत निर्णयहरू आयोगको अनुसन्धानको क्षेत्राधिकारभित्र नपर्ने भन्दै उनीहरूको हकमा केही गर्नु नपर्ने निष्कर्ष आयोगको थियो । त्यस बेला आयोगले पूर्वउपप्रधानमन्त्री र मन्त्रीहरूसमेत १७५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेकामा पूर्वप्रधानमन्त्रीद्वयसँग बयान लिइएको भएपनि मुद्दा चलाएको थिएन। सरकारी र सार्वजनिक जग्गामा अनधिकृत व्यक्तिको स्वामित्व स्थापित गराउने गरी मन्त्रिपरिषद्मा पेश भएको प्रस्ताव २०६६ चैत २९ गते, २०६७ वैशाख ३१ र साउन २८ गते र २०६९ असोज १८ गते पास भएको थियो। त्यस अवधिमा नेपाल र भट्टराई प्रधानमन्त्री हुनुका कारण उनीहरू पनि सजायको भागीदार हुनुपर्ने सरोकार अन्यथा होइन ।

अहिले मूलभूतरूपमा नीतिगत निर्णय र अनुसन्धानको क्षेत्राधिकारका विषयमा बहसहरू भइराखेका छन् । हामीकहाँ भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग बनाइएको छ । तर यसलाई सुशासन प्रवर्द्धनको निकायभन्दा पनि सत्तामा रहनेहरूका लागि राजनीतिक अभीष्ट पूरा गर्ने औजारको रूपमा बढी दुरुपयोग गरिएको छ । अख्तियारले भ्रष्टाचारविरुद्ध मुद्दा चलाएका अधिकांश उदाहरणहरू हेर्ने हो भने 'साना माछालाई समातेर ठूला माछालाई उन्मुक्ति' दिइएको सहजै बुझ्न सकिन्छ ।

सरकार फेरिएपिच्छे एउटै घटनालाई फरकफरक तरीकाले उठान गर्ने र आआफ्नै तरीकाले व्याख्या गर्ने कामले सरकारमा बस्नेहरूको स्वार्थ त पूरा होला, यसले सिङ्गो अनुसन्धान र न्याय प्रणालीको साख गिराउने काम भइराखेको छ। एउटा निकायले दोषी देखेकालाई अर्को निकायले निर्दोष देखिरहेको छ भने यो कानूनी पद्धतिमाथि कसरी विश्वास गर्न सकिएला ? अख्तियारले क्षेत्राधिकारमा नपर्ने भनेर उन्मुक्ति दिएका पूर्वप्रधानमन्त्रीहरूलाई अहिले फौजदारी कसूरमा अनुसन्धान हुन सक्ने भनेर सिआइबीले भनिराखेको छ। त्यसमा पनि अनुसन्धान कुन तहसम्म जाने भन्नेमा प्रहरी अन्योलमा छ । कसैले बयानका क्रममा नाम लिएकै भरमा सामान्य जानकारी नै नराखी आम मानिसलाई अपराधीलाई जस्तो दुर्व्यवहार गर्दै पक्राउ गर्ने प्रहरी 'हाइप्रोफाइल'का सन्दर्भमा हच्किनु कानूनी र विधिको शासनको मान्यताविपरीत छ ।

अर्को हदम्यादको विषय पनि पेचिलो ढङ्गले उठिरहेको छ । २०७५ भदौ १ गतेदेखि लागू भएको मुलुकी अपराध संहितामा सार्वजनिक लिखत किर्ते गरेकोमा थाहा पाएको मितिले दुई वर्ष नाघेपछि उजूरी नलाग्ने व्यवस्था छ । यो प्रकरणमा २०७६ को फागुन महीनामा उजूरी परेकाले अहिले हदम्यादका कारण मुद्दा नलाग्ने तर्क पनि आइराखेका छन्। तर सरकारी वकील र प्रहरी निकायहरू पुरानै मुलुकी ऐन लागू हुने बताइराखेका छन्। यो विरोधाभासपूर्ण छ। कुनै नयाँ कानून कार्यान्वयनमा रहेको अवस्थामा पुरानै कानून अनुसार कारबाही हुने भन्ने कुरा प्राकृतिक न्यायको सिद्धान्तअनुरूप हुँदैन। यसो भएमा कानून कार्यान्वयनका निकायले यस्ता कानूनी छिद्रको दुरुपयोग गर्ने सम्भावनालाई नकार्न सकिन्न। यसमा सर्वोच्च न्यायिक निकायबाट व्याख्याको खाँचो छ।

जुन निकायलाई भ्रष्टाचार नियन्त्रणको लागि बनाइएको छ, त्यही निकायका प्रमुखविरुद्ध यो प्रकरणमा मुद्दा परेको छ । यो विषय अनुसन्धान र न्यायिक निरूपणको विषयका रूपमा मात्र बुझिनुहुँदैन। यो पहिलोपटक पनि होइन। यो प्रकरण यस्ता घटनाको पछिल्लो पुनरावृत्ति मात्रै हो। यतिसम्म कि आफैंले बुई बोकेर त्यो आसनमा पुऱ्याएका व्यक्तिलाई महाअभियोगसमेत लगाएको दृश्य देखिएकै हो। महाअभियोगपछाडिको उद्देश्य बहसको फरक विषय हो, तर विवादास्पद छवियुक्त व्यक्तिलाई त्यो ठाउँमा पुऱ्याउनु नै बेथितिको सूत्रधार हो। यस्ता निकायमा कस्ता व्यक्तिलाई नियुक्त गरिएको छ भन्नेमा पनि त्यसको साख निर्भर हुनेमा विवाद छैन । तर हाम्रो प्रणालीले यो सत्यलाई आत्मसात् गरेको भान हुँदैन ।

कानून नै यस्तो बनाइएको छ कि मन्त्रिपरिषद्का निर्णयमाथि अख्तियारले हात हाल्न पाउँदैन। बदनियतवश गरिने निर्णयमाथि अनुसन्धान नै नहोओस् भन्नका लागि अख्तियारको क्षेत्राधिकारलाई खुम्च्याइएको छ। अब हुँदाहुँदा भ्रष्टाचारविरुद्धको अनुसन्धानमा पाँच वर्षको हदम्याद ल्याएर 'ठूला माछा'लाई सधैंका लागि उन्मुक्ति दिने बाटोलाई थप सुगम बनाउने प्रपञ्च रचिएको छ। सत्ता र शक्तिको आडमा अनुसन्धान प्रणाली नै प्रभावित भइराखेको परिदृश्यमा पाँच वर्षको समय गुजार्नु र सजायबाट सधैंका लागि उन्मुक्ति पाउने प्रपञ्च होइन भनेर पत्याउनुपर्ने कारण छैन ।

अख्तियारले नेपाल र भट्टराईविरुद्ध मुद्दा नचलाएकोविरुद्धमा सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको थियो। त्यो रिटको सुनुवाइ हुने र त्यही सुनुवाइमा फैसला आउने अनुमान भइराखेका बेला तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरामाथि महाअभियोग लगाइनुलाई 'बाख्रो हराउनु र स्याल कराउनु'को संयोग मात्र मान्न सकिन्न। व्यक्तिलाई फाइदा पुऱ्याउने गरी किर्ते कागजात बनाएर जग्गा अपचलन भएको यो विषय त फौजदारी अपराध हो । सर्वोच्चमा विचाराधीन रहेको रिटको टुङ्गो लगाएर नीतिगत निर्णयको व्याख्या हुने हो भने भविष्यमा यस्तो अन्योल समाधान हुन्छ। र नीतिगत निर्णयको आवरणमा बदनियतको बोलावालाले बढावा पाउनेछैन।

मन्त्रिपरिषद्बाट भएका कस्ता निर्णयलाई नीतिगत मान्ने र कस्तालाई नमान्ने भन्ने प्रश्न मात्र उठेको छैन, नेपाल र भट्टराईमाथि अनुसन्धानको क्षेत्राधिकारलाई लिएर पनि तर्कहरू सतहमा आइराखेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ४ ख ले 'मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिकरूपमा गरेको कुनै नीतिगत निर्णयका सम्बन्धमा अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी कुनै कारबाही नगर्ने' व्यवस्था गरेको छ। यो कानूनी प्रावधान नै बदनियतपूर्ण छ।

नीतिगतको आवरणमा जस्तोसुकै निर्णयबाट पनि उन्मुक्ति मिल्न सक्छ ? त्यही निर्णय कार्यान्वयन गर्ने मन्त्री र कर्मचारी र जग्गाको स्वामित्व पाएको व्यक्ति (कतिपय त तीन/चार पटक किनबेच भएर स्वामित्व कायम भएकासमेत) सजायका भागीदार हुँदा त्यही निर्णय गर्ने मन्त्रिपरिषद्को नेतृत्वकर्ता कसरी निर्दोष हुन सक्छ ? सामूहिक हितका लागि गरिएको निर्णय मात्र नीतिगत मान्न सकिन्छ, सरकारी कागजात किर्ते गरेर व्यक्तिगत लाभका निम्ति भएका कर्तुतलाई नीतिगत भन्दै जाने हो भने के होला ? मन्त्रिपरिषद्का सबै निर्णय नीतिगत हुन सक्दैनन्। केलाई नीतिगत निर्णय मान्ने केलाई नमान्ने भन्नेमा स्पष्ट व्याख्या जरुरी छ।

# धान रोपाइँ कम हुनुमा लम्पी स्किनको समेत प्रभाव

काठमाडौं, ३० असार/रासस

मुलुकभर अहिलेसम्म ५३ प्रतिशत मात्र धान रोपाइँ सम्पन्न भएको छ।

मौसमका हिसाबले नेपालमा धान रोपाइँका लागि उपयुक्त असार महीना सकिन लाग्दासमेत यस वर्ष ५३ प्रतिशत मात्र रोपाइँ भएको कृषि तथा पशुपक्षी मन्त्रालयले जनाएको छ।

प्रदेशसँगको समन्वयमा कृषि विभागले उपलब्ध गराएको तथ्याङ्क अनुसार गत वर्ष असार २९ गतेसम्म ६५ प्रतिशत रोपाइँ सम्पन्न भएको थियो।

गत वर्षको तुलनामा यस वर्ष १२ प्रतिशतको हाराहारीमा कम रोपाइँ भएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता प्रकाशकुमार सञ्जेलले जानकारी दिए।

मधेस प्रदेश, कोशी प्रदेश र बाग्मती प्रदेशमा मनसुन शुरू हुन ढिलो भएको तथा कर्णाली र सुदूरपश्चिम प्रदेशमा भने गोरुमा लम्पी स्किन रोगका कारण रोपाइँ थोरै प्रभावित भएको मन्त्रालयले जनाएको छ।



खेतमा धान रोपाइँ गर्दै कृषक। तस्वीरः रासस

बिस्तारै मनसुन सक्रिय, रासायनिक मलको उपलब्धता सुनिश्चित र लम्पी स्किन रोगको प्रभाव कम हुँदै गएको खण्डमा रोपाइँको प्रतिशत क्रमशः बढ्दै जाने अपेक्षा गरिएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# रणनीतिक क्षेत्रका साथै दिगो विकासमा सहयोग बढाउन भारत र फ्रान्स सहमत

नयाँ दिल्ली, ३० असार/एएनआई

भारत र फ्रान्स रणनीतिक क्षेत्रका साथै दिगो विकासमा सहयोग बढाउन सहमत भएका छन्। दुवै देशले अन्तरिक्ष र विज्ञानका क्षेत्रमा पनि संस्थागतस्तरमा सहयोग बढाउन सहमति जनाएका छन्।


तस्वीरः एएनआई

फ्रान्सको राष्ट्रिय दिवसका अवसरमा शुक्रवार सम्पन्न प्रधानमन्त्री नरेन्द्र मोदीको दुई दिने पेरिस भ्रमणका क्रममा दुई देशबीच विभिन्न सम्झौता भएका छन्। रणनीतिक सहयोगको क्षेत्रमा इन्डियन आयल कर्पोरेशन लिमिटेड र टोटल इनर्जी ग्याँस एन्ड पावर लिमिटेड (टोटल एनर्जी)बीच दीर्घकालीन तरल प्राकृतिक ग्याँस (एलएनजी) बिक्री र खरीद सम्झौता (एसपिए) स्थापनाको सम्झौता भएको छ।

वैज्ञानिक सहयोगको क्षेत्रमा नेशनल इन्स्टिच्युट अफ ओशन टेक्नोलोजी, पृथ्वी विज्ञान मन्त्रालय चेन्नई र इन्स्टिच्युट फ्रान्सिस डे रिसर्च पोर ले एक्सप्लोरेसन डे ला मेरबीच वैज्ञानिक एवं प्राविधिक विशेषज्ञताको आदानप्रदानसहितका सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ।

त्यसैगरी, स्वास्थ्य र औषधिको क्षेत्रमा सहयोगको लागि आशयपत्र जारी गरिएको छ भने सहयोगका क्षेत्रहरूमा डिजिटल स्वास्थ्य, स्वास्थ्य सेवाका लागि 'एआई', चिकित्सा फोहोर प्रशोधन प्रविधि, बायोटेक्नोलोजी, एन्टिमाइक्रोबियल प्रतिरोधविरुद्ध लड्न चिकित्सकहरूको आदानप्रदान र प्रशिक्षणलगायत विषय त्यसमा समावेश गरिएका छन्।

अन्तरिक्ष विज्ञानमा सहयोग अभिवृद्धि, डिजिटल प्रविधिको क्षेत्रमा संस्थागत सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रका साथै नागरिक उड्डयनको क्षेत्रमा प्राविधिक सहयोग गर्नेसम्बन्धी एमओयूमा पनि हस्ताक्षर भएको छ।

यसैबीच, प्रधानमन्त्री मोदी र फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोंबीच शुक्रवार भएको भेटवार्तामा भारत र फ्रान्सबीचको सम्बन्धलाई थप उचाइमा पुऱ्याउने सहमति भएको छ। साझा मूल्य, सार्वभौमसत्ता र रणनीतिक स्वायत्ततामा विश्वासमा आधारित दुई देशबीचको सम्बन्ध अन्तर्राष्ट्रिय कानून र संयुक्त राष्ट्रसङ्घको बडापत्रप्रति अटल प्रतिबद्धता, बहुपक्षवादमा अटल विश्वास र स्थिर बहुध्रुवीय विश्वको साझा खोजलाई दुवै नेताले जोड दिएका थिए।

दुवै नेताले रणनीतिक साझेदारीका विगत २५ वर्षमा भएका द्विपक्षीय सहयोगका हरेक क्षेत्रमा भएको रूपान्तरण र विस्तारको समीक्षा गरेका थिए। रासस

# भ्रष्टाचार अभियोगमा सिङ्गापुरका यातायातमन्त्री पक्राउ

सिङ्गापुर, ३० असार/एएफपी

सिङ्गापुरका यातायातमन्त्री भ्रष्टाचार अभियोगमा पक्राउ परेका छन्। उनीसँगै होटल व्यवसायी एकजना अर्बपतिलाई पनि भ्रष्टाचार अनुसन्धानको सिलसिलामा पक्राउ गरिएको छ।

यातायातमन्त्री एस ईश्वरनलाई गत मङ्गलवार पक्राउ गरी पछि धरौटीमा रिहा गरिएको अख्तियार दुरुपयोग अनुसन्धान ब्यूरोले शुक्रवार राति जारी गरेको वक्तव्यमा जनाइएको छ।

सिङ्गापुरका सबैभन्दा धनी व्यक्तिमध्येका एक ओङ बेङ सेङलाई पनि गत मङ्गलवार नै पक्राउ गरिएको थियो। निजलाई पनि अनुसन्धानपछि धरौटीमा छाडिएको छ। ब्यूरोले अनुसन्धानको विवरण भने खुलाएको छैन।


यातायात मन्त्री एस.ईश्वरन। तस्वीरः एएफपी

ओङ छानबीनमा परेको खुलासा भएपछि अख्तियार दुरुपयोग अनुसन्धान ब्यूरोले यातायातमन्त्रीमाथिको अनुसन्धानको दायरा फराकिलो बनाएको छ। विश्वको सबैभन्दा कम भ्रष्ट देशमध्येको एक सिङ्गापुर विश्वव्यापी वित्तीय केन्द्र हो। यो देशमा भ्रष्टाचार नियन्त्रणका लागि क्याबिनेट मन्त्रीहरूलाई निजी क्षेत्रका ठूला आम्दानी गर्ने व्यक्तिको तुलनामा तलब दिइन्छ। रासस

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष विजय | वृष धनक्षति |
| मिथुन भाग्योदय | कर्कट बेचैनी |
| सिंह मनोरञ्जन | कन्या राज्यभय |
| तुला रोगभय | वृश्चिक यात्रालाभ |
| धनु कडाश्रम | मकर चोरभय |
| कुम्भ उदरपीडा | मीन विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# कोरियामा भीषण बाढी, सातजनाको मृत्यु

सोल, ३० असार/एएफपी

दक्षिण कोरियामा भारी वर्षा र बाढीका कारण सातजनाको मृत्यु भएको छ भने अन्य तीनजना बेपत्ता भएका छन्। सरकारी अधिकारीहरूका अनुसार अधिक वर्षाले गोसान बाँधमा बाढी पसेकाले हजारौं नागरिकलाई सुरक्षित स्थानमा जान आह्वान गरिएको छ।

पछिल्ला तीन दिनमा लगातार परेको भारी वर्षाले देशभरका अधिकांश भूभाग डुबानमा परेका छन्। स्थानीय सञ्चारमाध्यमले गोसानको केन्द्रीय काउन्टीका छ हजार चार सयभन्दा बढी बासिन्दालाई शनिवार बिहान घर खाली गर्न आदेश दिइएको जनाएका छन्।

बाढीपहिरोका कारण अहिलेसम्म सातजनाको मृत्यु भएको अभिलेख रहे पनि त्यो अझ बढ्न सक्ने बताइएको छ। पहिरो र भवन भत्किंदा सातजनाको मृत्यु भएको हो। उत्तरी ग्योङसाङ प्रान्तमा खोलाले बगाउँदा तीनजना बेपत्ता भएका छन्।

कोरिया रेलरोड कर्पोरेशनका अनुसार सबै नियमित रेलसेवा राष्ट्रव्यापीरूपमा बन्द गरिएका थिए भने केही 'बुलेट ट्रेन' समयतालिका समायोजन गरी सञ्चालन भएका छन्।

प्रधानमन्त्री हान डक-सूले विपद् व्यवस्थापन निकायका अधिकारीलाई आपत्कालीन सेवाप्रवाह तथा विपद् प्रतिकार्यलाई गति दिन आग्रह गरेका छन्। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# मधेसी स्वास्थ्यकर्मी फोरम वीरगंजको अध्यक्षमा रामबाबू यादव

प्रस, वीरगंज, ३० असार/

जनता समाजवादी पार्टी नेपालनिकट मधेसी स्वास्थ्यकर्मी फोरम नेपाल, पर्साको अध्यक्षमा दोस्रो कार्यकालको लागि रामबाबू यादव चयन भएका छन्।

वीरगंजमा शनिवार सम्पन्न दोस्रो अधिवेशनबाट उनी सर्वसहमत चयन भएका हुन्।

अधिवेशनले उनको अध्यक्षतामा १४ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको जनाएको छ।

समितिको उपाध्यक्षद्वय रामसोगारथ साह र अरुण यादव, सचिव दोलेन्द्र यादव, सहसचिव मेनुका चौधरी, कोषाध्यक्ष युधिष्ठिर रौनियार र सदस्यहरूमा श्याम साह, पूजाकुमारी ठाकुर, श्याम थापालगायत १४ जना सदस्य रहेका छन्।


तस्वीरः प्रतीक

रामबाबू यादवको अध्यक्षता एवं वीरगंज महानगरका प्रमुख राजेशमान सिंहको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा मधेसी स्वास्थ्यकर्मी फोरम नेपालका राष्ट्रिय अध्यक्ष बालकिशोरप्रसाद यादव, जसपाका नेता ईश्वरचन्द्र यादव, सचितानन्द जैसवाल, राजेशप्रसाद रौनियारलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण ताराचन्दप्रसाद यादवले गरेका थिए।

# महोत्तरीमा धमाधम जग्गा वर्गीकरण गरिँदै

महोत्तरी, ३० असार/रासस

महोत्तरीका स्थानीय तहले आफ्ना भूगोल क्षेत्रको जग्गा वर्गीकरण कार्य सम्पन्न गर्दै कित्ताकाट प्रक्रिया खुलाउँदै लगेका छन्।

पछिल्लोपटक जिल्लाको औरही नगरपालिकाले वर्गीकरण गरेर कित्ताकाट प्रक्रिया खुलाएपछि अब महोत्तरीमा यो काम सम्पन्न गर्ने स्थानीय तहको सङ्ख्या सात पुगेको छ। यसअघि क्रमशः बर्दिबास, गौशाला, जलेश्वर, मनराशिशवा र मटिहानी नगरपालिका एवं महोत्तरी गाउँपालिकाले वर्गीकरण सम्पन्न गरेर कित्ताकाट खुलाइसकेका छन्। जिल्लामा १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ वटा स्थानीय तह छन्।

औरही नगर कार्यपालिकाको कार्यालयले शुक्रवार वर्गीकरण सम्पन्न गरिएको जानकारी गराएको हो। औरहीले भूउपयोग नियमावली, २०७९ को नियम ५ उपनियम (१) अनुसार नगरपालिकाको स्थानीय भूउपयोग परिषद्ले आफ्नो क्षेत्राधिकारभित्रको जग्गाको भूउपयोग क्षेत्र वर्गीकरणको कार्य सम्पन्न गरेको नगरप्रमुख प्रदीपकुमार खड्काले जानकारी दिए। अब सम्पन्न गरिएको वर्गीकरण प्रतिवेदन अनुसार आइतवारदेखि नै जिल्ला नापी कार्यालय, जलेश्वरले जग्गाको किनबेचमा कित्ताकाट गर्ने नगरप्रमुख खड्काको भनाइ छ।

नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्रको जग्गालाई कृषि क्षेत्रतर्फ ९०६ दशमलव ५७ हेक्टर, आवासीय क्षेत्रतर्फ ७०५ दशमलव २९, व्यावसायिक क्षेत्रतर्फ ३३१ दशमलव ६५ हेक्टर, सार्वजनिक क्षेत्रतर्फ एक दशमलव ७० हेक्टर, सांस्कृतिक तथा पुरातात्त्विक क्षेत्रतर्फ शून्य दशमलव ०१ हेक्टर, नदी-खोला तथा सिमसार क्षेत्रतर्फ ११ दशमलव ८७ हेक्टर जग्गा वर्गीकरण गरेको छ।

भूउपयोग वर्गीकरण सम्पन्न समारोह कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमारलाल कर्ण, भूमिसुधार तथा मालपोत कार्यालय महोत्तरीका प्रमुख रमेश पौडेल, नगर उपप्रमुख रेणु झासहित वडाका जनप्रतिनिधिहरूको सहभागिता थियो। भूमि वर्गीकरण स्मार्ट सिटी बिल्डर्स प्रालिको प्राविधिक सहयोगमा गरिएको हो।

सरकारले यसअघिको चार प्रकारका जग्गा वर्गीकरण (अब्बल, दोयम, सिम र चहार)ले अहिलेको जग्गाको भूअवस्था र उपयोगको सम्बोधन नगरेको ठहर गर्दै १० प्रकृतिमा जग्गाको वर्गीकरण गरी आआफ्नो भूगोल क्षेत्रको वर्गीकरण कार्य सम्पन्न गर्न स्थानीय तहहरूलाई निर्देशन गरेपछि नयाँ वर्गीकरण प्रक्रिया थालिएको हो। जग्गा कित्ताकाट रोकिंदा लामो समयदेखि किनबेच गर्ने काम प्रभावित हुँदै आएको थियो। यसैगरी, कित्ताकाट नहुँदा राजस्व सङ्कलनमा पनि असर पर्दै आएको थियो।

सरकारले स्थानीय तहहरूलाई गत मङ्सिरभित्रै वर्गीकरण सम्पन्न गर्न समयसीमा दिए पनि विभिन्न कारणले काम सम्पन्न गर्न ढिलाइ हुँदै आएको छ।

जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकासमेत १५ वटा स्थानीय तहमध्ये हालसम्म सातवटाले मात्र यो काम सम्पन्न गरेका छन्। यद्यपि केही स्थानीय तहले केही दिनभित्रै वर्गीकरण सम्पन्न हुनेगरी काम अन्तिम चरणमा पुगेको जानकारी दिएका छन्।

# १९ विद्यालयका प्रअले दिए सामूहिक राजीनामा

मकवानपुर, ३० असार/रासस

मकवानपुरको मनहरि गाउँपालिकाभित्रका १९ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूले संयुक्तरूपमा राजीनामा दिएका छन्। राजीनामा दिनेहरूमा मनहरि गाउँपालिकाभित्र रहेका १८ वटा प्राथमिक विद्यालय र एक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरू छन्।

प्रधानाध्यापकहरूले दिएको सामूहिक राजीनामा साउन १ गतेदेखि लागू हुनेगरी दिइएको पत्रमा उल्लेख छ। "सहमतिविपरीतको सरुवा सजाय हो भन्ने महसूस गरी यो अन्योलको परिस्थितिले हामी सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकलाई काम गर्ने मनोबल कमजोर भइरहेको परिस्थिति छ," राजीनामापत्रमा उल्लेख छ।

विद्यालयको गुणस्तर सुधारको नाममा गाउँपालिकाले विनाकारण प्रधानाध्यापकहरूको सरुवा गर्न खोजेपछि सामूहिकरूपमा राजीनामा दिन बाध्य भएको बताइएको छ।

एक प्रअका अनुसार प्रधानाध्यापक पदबाट राजीनामा दिए पनि पढाउन भने छाड्नेछैनन्।

यता मनहरि गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले भने गाउँपालिकाले गरेको सरुवाको निर्णयमा अधिकांश

(बाँकी अन्तिम पातामा)

# सोमवारदेखि बढी पानी पर्ने सम्भावना

काठमाडौं, ३० असार/रासस

हाल देशमा मानसुनी वायुको प्रभाव रहनुका साथै मनसुनको न्यून चापीय रेखा सरदर स्थानको आसपास अवस्थित रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

जसका कारण देशभर आंशिकदेखि सामान्य बदली रही कोशी, बागमती र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा हल्का वर्षा भएको महाशाखाले उल्लेख गरेको छ।

महाशाखाका मौसमविद् सञ्जीव अधिकारीका अनुसार तुलनात्मकरूपमा आगामी सोमवार र मङ्गलवार बढी मनसुनी वर्षा हुनेछ।

पछिल्ला दिनमा निरन्तर वर्षा भइरहे पनि आजबाट केही मात्रामा कम वर्षा भएको छ। आज राति पनि भारी वर्षाको सम्भावना छैन।

"मनसुन आज र भोलिलाई सामान्य छ। शनिवार र आइतवारको तुलनामा सोमवार र मङ्गलवार बढी वर्षा हुने सम्भावना छ। भोलि दिउँसोका लागि विगतको तुलनामा कमै वर्षा हुने अनुमान गरिएको छ," उनले भने। उनको भनाइमा मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा तल रहँदा नेपालमा कम वर्षा हुने सम्भावना छ।


तस्वीरः फाइल

महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा आज राति देशभर आंशिकदेखि सामान्य बदली रही सबै प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

भोलि दिउँसो मधेस प्रदेशका थोरै र बाँकी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। कोशी, बागमती र गण्डकी प्रदेशका एक/दुई स्थानमा मेघगर्जन र चटयाङसहित भारी वर्षाको सम्भावना छ।

महाशाखाको पछिल्लो विवरण अनुसार सबैभन्दा बढी पोखरामा १५५ मिलीमिटर वर्षा मापन गरिएको छ। लुम्लेमा १३४ मिलीमिटर वर्षा भएको छ। त्यसैगरी, ओखलढुङ्गामा ७२, जिरीमा ४२, भैरहवामा ३७, धनगढीमा ३२ र काठमाडौंमा ३४ मिलीमिटर वर्षा मापन गरिएको छ।

# ठोरी आँखा अस्पतालद्वारा स्वागत तथा बिदाइ

चिरञ्जीवी सापकोटा, ठोरी, ३० असार/

ठोरी-२ गौतमनगरमा रहेको भरतपुर ठोरी आँखा अस्पतालमा



तस्वीरः प्रतीक

शनिवार आयोजित कार्यक्रममा सातजना नेत्र सहायक विद्यार्थीलाई स्वागत गरिएको छ । अस्पतालका अध्यक्ष अमृतकृष्ण सापकोटा तथा अस्पतालकै नेत्र विशेषज्ञ डा चन्द्र श्रेष्ठले उनीहरूलाई स्वागत गरेका थिए। त्यसैगरी, यसै अस्पतालमा विगत पाँच वर्षदेखि कार्यरत वरिष्ठ नेत्र सहायक सन्देश लामिछानेलाई आजै बिदाइ गरिएको छ। वरिष्ठ नेत्र सहायक लामिछानेले ठोरी आँखा अस्पतालमा पु¥याएको योगदानको कदर गर्दै प्रशंसापत्रसहित बिदाइ गरिएको अस्पतालका कोषाध्यक्ष अनन्त श्रेष्ठले जानकारी दिए ।

कार्यक्रममा वडाध्यक्षसमेत रहेका अस्पतालका अध्यक्ष सापकोटाले आफूले पाएको जिम्मेवारीलाई कर्तव्य निष्ठाका साथ पालना गर्नेमा समिति विश्वस्त रहेको र आइपर्ने समस्यालाई मिलेर समाधान गर्दै ठोरी आँखा अस्पताल अझै विस्तार हुँदै जानेमा आफू विश्वस्त रहेको बताए।

२०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पको दिन स्थापित यस आँखा अस्पतालले नेपाल र छिमेकी राष्ट्र भारतका नेत्ररोगीहरूलाई गुणस्तरीय एवं सुलभ तरीकाले सेवा प्रदान गर्दै आइरहेको अध्यक्ष सापकोटाले बताए ।

भरतपुर आँखा अस्पतालमा तीन वर्षे आँखासम्बन्धी विषयमा अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरूलाई प्रयोगात्मक शिक्षाका लागि ठोरी पठाइएको र विद्यार्थीहरू शुरूदेखि नै आउने क्रम रहेकाले सोको निरन्तरता रहिरहने कोषाध्यक्ष श्रेष्ठले बताए ।

अस्पतालका अध्यक्ष सापकोटाको सभापतित्वमा सम्पन्न कार्यक्रममा अस्पतालका डा चन्द्र श्रेष्ठ, नेपाल रेडक्रस सोसाइटी उपशाखा ठोरीका सभापति एवं अस्पतालका सल्लाहकार प्रकाश खनाललगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा समितिकी सदस्य तथा वडा सदस्य भगवती धिताल, समितिकै सदस्य रामबहादुर विष्ट तथा अस्पतालमा कार्यरत सम्पूर्ण कर्मचारी सहभागी रहेको कार्यक्रममा केशवप्रसाद रेग्मीले स्वागत मन्तव्य दिएका थिए भने सहजीकरण कोषाध्यक्ष श्रेष्ठले गरेका थिए ।

# रास्वाको पर्सागढीमा नगरभेला

प्रस, पर्सागढी, ३० असार/

राष्ट्रिय स्वतन्त्र पार्टी, पर्साको आयोजनामा पर्सागढी नगरपालिका वडा नं ३ मा प्रथम नगरभेला सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

वृद्धिराज पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा ११ सदस्यीय नयाँ कार्यसमिति चयन भएको छ । उक्त कार्यसमितिको अध्यक्ष नवलकिशोरप्रसाद कलवार, उपसभापति जोखु मियाँ, सचिव सुषमा तामाङ, कोषाध्यक्ष सुनील राय, सदस्य धुरूपबहादुर खड्कालगायत रहेका छन् ।

कार्यक्रममा रास्वपा मधेस प्रदेश सभापति तपेश्वर यादव, उपसभापति राधिका न्यौपाने, कोषाध्यक्ष चन्दन साहलगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत मन्तव्य तुलसी अधिकारीले र सहजीकरण अमृत बस्यालले गरेका थिए ।

## १९ विद्यालयका प्रअ ...

प्रधानाध्यापक सहमत भइसकेका जानकारी दिए । उनले शिक्षक महासङ्घका अध्यक्ष नवराज डोटेलले विषयलाई राजनीतिकरण गराएर अनावश्यक बखेडा झिक्न खोजेको दाबी गरे । "अहिले सार्वजनिक गरिएको राजीनामा करीब १० दिनअगाडिको हो। हामी गाउँपालिकाको शिक्षा र स्वास्थ्य क्षेत्रको सुधार अभियानमा छौं । प्रधानाध्यापकलाई सकेसम्म आपसी समझदारीमा सरुवा हुनुहोस् भनेका हौं। उहाँहरूले नमानेपछि हामीले सरुवा गर्न खोजेका हौं," अध्यक्ष कालाखेतीले स्पष्ट पारे ।

पालिकाको शिक्षा क्षेत्र सुधारका लागि पालिकाले शिक्षकलाई प्रत्येक महीना तलब खुवाउने, उत्कृष्ट शिक्षकलाई पुरस्कार र सम्मान गर्ने, प्रधानाध्यापक भत्ता पाँच सयबाट बढाएर दुई हजार पु्याउने अभियानमा रहेको अध्यक्ष कालाखेतीले जानकारी दिए ।

"शिक्षा क्षेत्र सुधार्ने विषयमा सबैको साथ आवश्यक छ । यो गाउँपालिकाको शिक्षा समितिले गरेको निर्णय हो । सकेसम्म आपसी समझदारीमैं सरुवा हुन समय दिनेछौं । तर कसैले मान्दिनँ भन्छ भने हामी कानून अनुसार अघि बढ्नेछौं," अध्यक्ष कालाखेतीले भने ।






## बारास्थित दुधौरा पुल ...

भन्नाका लागि पानी पटाउने गरिए पनि निरन्तरता पाएको छैन । लामो दूरीको सडक यात्रा गरेर आउने सवारी चालक अनि यात्रुहरूसमेत छोटो दूरीको डाइभर्सनका खाल्डाखुल्डी र उडेका धूलोले दिक्दार हुने गरेका छन् ।

पुल निर्माण कार्यक्षेत्रमा कति रकममा ठेक्का साकार गरेको, कति समयावधिमा काम सम्पन्न गर्नुपर्नेलगायतका विवरण खुल्नेगरी ठेकेदार कम्पनीले साइन बोर्ड र सम्पर्क नम्बर नराख्दा ठेकेदार कम्पनीको बेवास्ता बढेको छ ।

महादेव/खिम्ती/हीराचन जेभी काठमाडौंले दुई स्पानको ९० मिटर लम्बाइको उक्त पुल निर्माण सम्पन्न गर्नको लागि १७ करोड २२ लाखमा ठेक्का साकार गरेको पुल विभाग महाशाखा काठमाडौंले जनाएको छ । साबिक पुलको पिलर दुईपटक भासिएपछि र सडकको चौडाइ पनि विस्तार गर्ने कार्य अघि बढिरहेकोले पुरानो पुललाई पूर्णरूपमा भत्काइ नयाँ पुलको डिजाइनपछि निर्माणका लागि ठेक्का सम्झौता भएको पुल विभाग महाशाखाले जनाएको छ ।

महेन्द्र राजमार्ग निर्माणका बेला तत्कालीन सोभियत सङ्घले चार दशकअघि निर्माण गरेका दुई लेनको पुल अब चार लेनको हुने महाशाखाले जनाएको छ ।

सो पुल निर्माण गर्ने ठेकेदार कम्पनीको आग्रहलाई ध्यानमा राख्दै पुल विभाग महाशाखाले उक्त कार्य २०८० असार मसान्तभित्र निर्माण सम्पन्न गरिसक्नुपर्ने गरी म्याद थप गरेपछि अहिले कामले केही गति लिएको छ । अहिलेसम्म ५० प्रतिशत मात्र काम सम्पन्न भएको छ ।

वर्षामा सवारीसाधन आवतजावतमा समस्या नहोस् भन्ने उद्देश्यले दुधौरा खोलाको निर्माणाधीन पुलको दक्षिणतर्फ बेलिब्रिज सञ्चालनमा छ । बढीमा ३० टनसम्म क्षमता भएको सो ब्रिजमा ५०-६० टनभन्दा बढी भारका मालवाहक सवारीसाधन ओहोरदोहोर गर्ने गरेकाले सो ब्रिज कमजोर बन्दै गइरहेको छ। ५०-६० टनभन्दा बढीका सामान लोड गाडी यही बेलिब्रिजबाट आवागमन हुने गरेका छन् । जसले गर्दा सो ब्रिजसमेत उच्च जोखिममा रहेको प्रायः ओहोरदोहोर गर्ने सवारी चालकहरू बताउँछन् ।

ठेक्का सम्झौता अनुसार पुल विभाग महाशाखाले बेली ब्रिज दुई वर्ष ढिलो उपलब्ध गराएकै कारण जीर्ण अवस्थामा रहेको पुरानो पुललाई भत्काउन ढिलाइ भएकै कारणले तोकिएकै समयमा नयाँ पुल निर्माण गर्न नसकिएको ठेकेदार कम्पनींका इन्जिनीयर अजयकुमार झाले बताए । उनले कामले गति लिएमा आगामी एक वर्षभित्र पुल निर्माण सम्पन्न हुने बताए ।

निर्माणाधीन सो पुलको निरीक्षण गर्न आएका पुल विभाग महाशाखाका इन्जिनीयर निरञ्जन थापाले पनि अहिले पुल निर्माण कार्यले गति लिएको बताए। उनका अनुसार पनि ५० प्रतिशत कार्य सम्पन्न भएको छ ।

दुधौरा खोलाबाट नदीजन्य पदार्थको जथाभावी उत्खनन, दोहन गर्दा पुलको पिलर पटकपटक भासिंदा नयाँ निर्माण गर्नुपरेको बताइन्छ ।

# खेलकूदको संसार

## 'कोरा भक्तपुर साइकलिङ च्यालेन्ज' शुरू

भक्तपुर, ३० असार/रासस

भक्तपुरलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साइकलिङ गन्तव्य बनाउने उद्देश्यसहित शनिवार बिहान ६ बजे एक सय किलोमिटर लामो 'तेस्रो कोरा भक्तपुर साइकलिङ च्यालेन्ज-२०८०' शुरू भएको छ ।

साइकल कनेक्ट भक्तपुरको आयोजनामा शुरू भएको साइकलिङ च्यालेन्जलाई भक्तपुरको दरबार स्क्वायरमा बाग्मती प्रदेशसभाका सदस्य सुरेन्द्रराज गोसाईंले उद्घाटन गरेका थिए ।



तस्वीरः सौजन्य

साइकल कनेक्ट भक्तपुरका संस्थापक अध्यक्ष एवं कार्यक्रमका संयोजक सुमित बालाले यस वर्ष छ सयभन्दा बढी साइकलयात्रीको सहभागिता रहने बताए । उनले भक्तपुरका साइकलप्रेमीहरूको टीम साइकल कनेक्ट भक्तपुरले भक्तपुरलाई साइकलिङ गन्तव्य बनाउन र टर्की र सिरियाका भूकम्पपीडितलाई सहयोग गर्ने लक्ष्यका साथ यो कार्यक्रम आयोजना गरिएको बताए ।

भक्तपुर तथा काभ्रेपलाञ्चोक हुँदै अधिकांश भक्तपुरका पर्यटकीय क्षेत्रको दृश्यावलोकन गरी यहाँको सौन्दर्यतालाई स्पर्श गर्दै साइकलबाटै दुई हजार एक सय मिटर उचाइसम्म एक सय किलोमिटरको यात्रा आज एकै दिनमा पूरा गर्ने उनले जानकारी दिए ।

साइकल यात्रा बिहान ६ बजे भक्तपुरको दरबार स्क्वायरबाट शुरू भएर सिद्धपोखरी, सल्लाघारी, नयाँ ठिमी, बहाखा बजार, बोडे, नीलबाराही, बेंसीगाउँ, दुवाकोट, चाँगुनारायणसम्म पुगिसकेको छ ।

यो यात्रा त्रिशूल डाँडा, तेलकोट, नगरकोट, थाकलमाथ, खावा, नाला गुम्बा, भङ्गाल, लटरम्बेश्वर, साँगा, खाल्चोक, आशापुरी, रानीकोट, गुण्डु, गाम्चा, बिरुवा, सिरुटार, बालकोट, लोकन्थली, कौशलटार, सानोथिमि, सल्लाघारी हुँदै पुनः भक्तपुर दरबार क्षेत्रमा फर्किएको बताए ।

कार्यक्रममा कोरा मास्टर सुनील ख्याजुले भक्तपुर कोरा २०२३ नाम दिइएको यस कार्यक्रममा साइकलबाट ५०, ७५ र १०० किलोमिटरका तीनवटा रूटमा यात्रा हुने जानकारी दिए। च्यालेन्जमा महिला ५० जनासहित करिब छ सयभन्दा बढीको सहभागिता रहेको उनले बताए ।

साइकल कनेक्ट भक्तपुरका अध्यक्ष निर्जला कोजूले च्यालेन्जमा भक्तपुर, काठमाडौं, ललितपुर, बनेपा, पनौती, पोखरा, तनहुँ, धरान, भैरहवा, सुर्खेत, नेपालगंज, वीरगंज, चितवन, नवलपरासी, बुटवललगायतका शहरबाट सहभागिता रहेको बताइन् । विदेशबाट अमेरिका र युरोप्ली राष्ट्रका विदेशी साइकलयात्रीहरूको पनि सहभागिता छ ।

# वैदेशिक क्षेत्रका दुई लाख १६ हजार श्रमिक सामाजिक सुरक्षामा आबद्ध

काठमाडौं, ३० असार/रासस

श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध हुने क्रम बढेको छ। हालसम्म दुई लाख ६० हजार ८२ जना श्रमिक योजनामा आबद्ध भएका कोषले जनाएको छ ।

सरकारले गत चैत ८ गतेदेखि वैदेशिक रोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य सूचीकृत हुनुपर्ने व्यवस्था गरेको थियो । उक्त व्यवस्था अनुसार वैदेशिक रोजगारमा जाने श्रमिकले श्रम स्वीकृति लिनुअगावै कोषमा सूचीकृत हुनुपर्नेछ । कोषमा औपचारिक क्षेत्रका चार लाख २३ हजार ९२ जना श्रमिक आबद्ध भएका छन्।

कोषमा हालसम्म औपचारिक र वैदेशिक क्षेत्रका गरी कुल छ लाख ३९ हजार १७४ श्रमिक सूचीकृत भएका छन्। कोषले विभिन्न सामाजिक सुरक्षा योजनाबापत योगदानकर्तालाई रु पाँच अर्ब एक करोड दाबी भुक्तानी गरेको छ।

कोषमा १८ हजार रोजगारदाता सूचीकृत भएका कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिए। उनका अनुसार हालसम्म रु ३६ अर्ब २६ करोड योगदान रकम सङ्कलन भएको छ । कोषले औषधोपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गरिरहेको छ।

कोषले औपचारिक क्षेत्रका श्रमिकका तर्फबाट मासिक ११ प्रतिशत र रोजगारदाताबाट २० प्रतिशत योगदान रकम सङ्कलन गर्दै आएको छ। कोषबाट हालसम्म ८८ हजार ५८५ जना योगदानकर्ताले विभिन्न सुविधा लिएका छन् ।

## वृद्धाश्रममा निश्शुल्क आँखा ...

सहकार्यमा आयोजित निश्शुल्क आँखा परीक्षण शिविरमा पूर्वमन्त्री श्रीवास्तवले आफूले आश्रमलाई निरन्तर सहयोग गर्ने बताए ।

कार्यक्रममा पूर्वमुख्यमन्त्री तथा मधेस प्रदेशसभा सदस्य लालबाबू राउत गद्दीले आफूले आश्रम बनाउन सहयोग गरेको तथा आगामी दिनमा अधूरा कामहरू पनि पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा वडा नं १६ का अध्यक्ष परशुराम चौरसियाले आगामी आर्थिक वर्षमा रु पाँच लाख सहयोग गर्न वचन दिए ।

शिविरमा १२५ जनाको आँखा परीक्षण भएकामा १३ जनामा मोतीबिन्दु देखिएकाले उनीहरूको निश्शुल्क शल्यक्रिया किरण आँखा अस्पतालमा गराइने कार्यक्रमका संयोजक अशोककुमार गुप्ताले जानकारी दिए । कार्यक्रममा वडा नं ८ का अध्यक्ष रितेश गुप्ता, नेपाल प्रौढ सङ्घका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठ, नन्दलाल राउत, श्रवणबहादुर रायमाझी, मनोज मिश्रलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा सहभागी सबैको रक्तचाप परीक्षण गरी आश्रममा वृक्षारोपण पनि गरिएको थियो ।


## बाढीपहिरोबाट जोगिऔं

जथाभावी सडक निर्माण र वनविनाशले बाढीपहिरो निम्त्याउने हुँदाः

- वृक्षारोपण गरौं, वनजङ्गल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालोजस्ता भूक्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

बाढीपहिरोबाट आफू पनि बचौं अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड